# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं. १५६६

मिति:- २०८०/११/०४

विषय : प्रेस विज्ञप्ती

केही राजनीतिक दलहरु तथा व्यक्तिले विगत केहीदिनदेखि नदिजन्य पदार्थ उत्खनन् गरेको भनि यस गाउँपालिका अध्यक्षको नाम समेत जोडेर दुष्प्रचार गरेको प्रति मेरो गम्भिर ध्यानाकर्षण भएको छ । स्थानिय सरकार संचालन ऐनले दिएको क्षेत्राधिकार भित्र रहि गाउँपालिकाले नियमित रुपमा गरेका केही गतिविधिहरुमा गाउँपालिका अध्यक्षलाई जोड्नु दरासयपूर्ण भावनाबाट ग्रसित अभिव्यक्ति हो भन्ने मेरो ठहर छ ।

यसअघि पनि स्थानिय सरकारले नियमित रुपमा कानुनी अधिकार प्रयोग गर्दै नदिजन्य पदार्थ उत्खननका बोलपत्र आह्वान गर्ने, छनौट गर्ने र उत्खनन् गर्ने गरेको विषय जगजाहेर नै छ । त्यसैको निरन्तरताका रुपमा हाल गाउँपालिकाले स्थानिय सरकार संचालन ऐनको परिधिभित्र रही गरेको बोलपत्र, बोलपत्र छनौट र उत्खनन् जस्ता क्रियाकलाप निश्चित मापदण्ड र प्रक्रियाबाट भएका हुन् । यस्ता नियमित गतिविधिमा गाउँपालिका अध्यक्षको संलग्नता रहेको भनि गरिएको वक्तव्यबाजी राजनीतिक दुरासयको भावनाले ग्रस्त रहेको जानकारी गराउन चाहान्छु । यस्ता अभिव्यक्तिबाट विचलित नभई आम जनताको पक्षमा सिंगो गाउपालिका दृढ विश्वाससहित क्रियाशिल र कटिबद्ध रहनेछ ।

२०८०/११/०४

परशुराम खतिवडा

अध्यक्ष



Scanned with CamScanner